# नेपाली काङ्ग्रेसको युवा तथा रोजगारी नीति

**गगनकुमार थापा**
महामन्त्री, नेपाली काङ्ग्रेस

## लेखसार

यस अध्ययनले नेपालमा युवा रोजगारीको अवस्था र नेपाली काङ्ग्रेसको नीतिलाई बहु आयामिक दृष्टिकोणबाट विश्लेषण गर्दछ। नेपालको युवा बेरोजगारी केवल आर्थिक चुनौतीमात्र नभई सामाजिक स्थायित्व, राजनीतिक स्थिरता र दीर्घकालीन विकासको मेरुदण्डमा प्रत्यक्ष प्रभाव पार्ने मुद्दा हो। बेरोजगारीको समस्या केवल आय-आर्जनसँगमात्र सम्बन्धित नभई युवाको जीवनमा गरिमा र आर्थिक उन्नतिको अभावसँग पनि गाँसिएको छ जसले मानिसको आत्मविश्वास, सामाजिक तथा आर्थिक सहभागिता र दीर्घकालीन जीवनस्तरमा प्रत्यक्ष असर पार्छ। नेपाली काङ्ग्रेसले यस समस्यालाई समाधान गर्न मानव संसाधनको गुस्तर वृद्धि, शिक्षा प्रणाली सुधारसँगै प्राविधिक तथा व्यावसायिक शिक्षा (TVET) बिस्तार, नयाँ रोजगारीका अवसर सिर्जना र आर्थिक क्षेत्रको सुदृढीकरणमार्फत व्यावसायिक वातावरणमा सुधार, अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा क्षमता वृद्धि, वैदेशिक रोजगारीको अवस्थामा सुधार र सामाजिक सुरक्षा तथा जोखिम व्यवस्थापनलाई आधार स्तम्भका रूपमा प्रस्तुत गरेको छ। यस अनुसन्धानमा गुणात्मक सामग्री विश्लेषण विधि प्रयोग गरिएको छ, जसअन्तर्गत पार्टीको नीति, घोषणापत्र, सरकारी तथ्याङ्क, विभिन्न संघ संस्थाका अध्ययन र अन्तर्राष्ट्रिय अभ्यासहरूको तुलनात्मक समीक्षा गरिएको छ। नेपाली काङ्ग्रेसले रोजगारी केन्द्रित 'मिसन रोजगारी' अभियान सञ्चालन गरेको छ। पार्टीको नीति संरचना दीर्घकालीन दृष्टिले व्यापक र संरचित छ तर यसको प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट कार्यदिशा, बजेट प्राथमिकता, सङ्घीय-प्रदेश-स्थानीय सरकारबिचको मजबुत समन्वय र निजी क्षेत्र तथा नागरिक समाजको सक्रिय सहकार्य अपरिहार्य देखिन्छ। नीतिले युवालाई घरेलु तथा अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धी, आत्मनिर्भर र उत्पादनशील बनाउँदै, रोजगारीसँगै सामाजिक सम्मान र आर्थिक समुन्नति सुनिश्चित गर्ने एकीकृत मोडेल प्रस्ताव गरेको छ। यसले स्वरोजगार प्रवर्द्धन, नवप्रवर्तन प्रोत्साहन र श्रम बजारको गुणस्तरीय सुधारमार्फत समावेशी आर्थिक वृद्धिमा योगदान पुऱ्याउन सक्ने सम्भावना राख्छ। यसरी, नीति सफलतापूर्वक कार्यान्वयन भएमा नेपालले युवा बेरोजगारी दर घटाउँदै दिगो र सम्मानपूर्ण आर्थिक समुन्नति हासिल गर्न सक्नेछ।

**सूत्रशब्द**ः युवा बेरोजगारी, स्केरिंग एफेक्ट(Scarring Effect), 'निट दर' (NEET rate), प्राविधिक तथा व्यावसायिक शिक्षा TVET, गिग ईकोनोमी, मिसन रोजगारी, आर्थिक सुदृढीकरण, सामाजिक सुरक्षा, नेपाली काङ्ग्रेस नीति

## परिचय/पृष्ठभूमि

अर्थतन्त्रमा रोजगारीको विषय केवल आय-व्ययको आर्थिक सवालमात्र नभई सामाजिक न्याय, सम्मानित जीवन र राजनीतिक स्थिरता तथा दिगो विकाससँग प्रत्यक्ष रूपमा सम्बन्धित छ। युवा बेरोजगारी आर्थिक,

सामाजिक र राजनीतिक आयामसँग जोडिएको बहु आयामिक समस्या हो जसले दिगो विकासमा महत्त्वपूर्ण असर पार्छ (ILO, 2022)। विश्वभरका करिब २३.५% युवा-जसको सङ्ख्या करिब २८९ मिलियन-'निट' (नट इन इम्प्लोइमेन्ट, एजुकेसन अर ट्रेनिङ) मा संलग्न थिएनन। यो २०२० को अवस्थाबाट अलिक सुधार भए पनि महामारीअघिको स्तरभन्दा अझै उच्च छ र २०१५ को २२.२% को आधार रेखाभन्दा पनि माथि छ। अतिकम विकसित मुलुकहरू (LDCs) मा त अवस्था अझ गम्भीर छ, जहाँ २०२२ मा अनौपचारिक रोजगारीको दर ८९.७% पुग्यो, जुन २०१५ यतादेखि कुनै सुधार नभएको सङ्केत हो (World Bank, 2021)। विकासशील मुलुकहरूमा आर्थिक अवसरको कमी, शिक्षा-रोजगारी रूपान्तरणमा अवरोध, सिप असमानता र सीमित रोजगारी सिर्जना युवा बेरोजगारीका संरचनात्मक कारण हुन् (ILO, 2022)।

नेपालमा जनसङ्ख्याको ठुलो हिस्सा युवाले ओगटेको छ। १६ देखि ४० वर्ष उमेर समूहको युवा जनसङ्ख्या कुल जनसङ्ख्याको ४२.५६ प्रतिशत छ। सन् २०२३ मा नेपालको युवा बेरोजगारी दर २०.३६% रहँदा राष्ट्रिय औसत १२.६%मात्र थियो (CBS, 2021)। हरेक वर्ष अनुमानित ८ लाख नयाँ श्रम शक्ति श्रम बजारमा प्रवेश गर्दा केवल १-१.५ लाखलेमात्र औपचारिक रोजगारी पाउँछन्। बाँकीको ठुलो हिस्सा अनौपचारिक क्षेत्रमा, वैदेशिक रोजगारीतर्फ धकेलिन्छ र केही बेरोजगार नै रहन्छन्। नेपालको अर्थतन्त्र अझै पनि मुख्यतया कृषिमा आधारित छ जसले पर्याप्त दिगो रोजगार अवसर सिर्जना गर्न सकेको छैन। श्रम बजार उच्च स्तरको अनौपचारिकता, औद्योगिक विविधीकरणको कमी र शिक्षा प्रणालीले दिने सिप र रोजगारदाताको मागबिचको असङ्गतिबाट प्रभावित छ। जम्मा औपचारिक बेरोजगारी दर करिब ११.४% भए पनि १५-३४ वर्ष उमेर समूहमा यो दर १९% रहेको छ। हरेक वर्ष करिब ८ लाख नयाँ श्रम शक्ति श्रम बजारमा प्रवेश गर्दा केवल १-१.५ लाखलेमात्र औपचारिक रोजगारी पाउँछन्, बाँकीको ठुलो हिस्सा बेरोजगार, अनौपचारिक क्षेत्रमा वा वैदेशिक रोजगारीतर्फ धकेलिन्छ (CBS, 2021)। तथ्याङ्कहरूले देखाउँछन् कि हाम्रो देशको कुल रोजगारीमध्ये करिब ८२ प्रतिशत अझै पनि अनौपचारिक क्षेत्रमा निर्भर छ (World Bank, 2022)। यसले श्रम शक्तिको दिगोपनामा प्रश्न खडा गरेको छ। यस समस्याको दीर्घकालीन प्रभावलाई स्केरिंग एफेक्ट(scarring effect) भनिन्छ (Bell & Blanchflower, 2011)। जसअन्तर्गत युवावस्थामा बेरोजगार रहँदा भविष्यमा स्थायी रूपमा कम आम्दानी, रोजगार अवसरको कमी र करियर प्रगतिमा अवरोधको सामना गर्नुपर्छ (ILO, 2020)। यस्तो प्रभावले व्यक्तिगत जीवनस्तरमात्र होइन, राष्ट्रिय उत्पादकत्व र आर्थिक स्थायित्वमा पनि नकारात्मक असर पार्छ। नेपालमा युवामा देखिने बेरोजगारीसँगै अर्को गम्भीर समस्या उच्च 'निट दर' (NEET rate) पनि जोडिएर आउँछ। देशमा करिब ३५.५ प्रतिशत युवा न त पढिरहेका छन्, न रोजगारी खोजिरहेका छन्, न कुनै तालिम लिइरहेका छन्। यो दर एसिया र प्रशान्त क्षेत्रमा सबैभन्दा उच्च हो। तुलनात्मक रूपमा इन्डोनेसियामा यो अनुपात २०.५ प्रतिशत, फिलिपिन्समा १८.८ प्रतिशत, बङ्गलादेशमा २७.४ प्रतिशत र भारतमा २९.५ प्रतिशतमात्र छ (Sharma & Paudel, 2023)।

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (UNDP) ले गुणस्तरीय र सुरक्षित रोजगारीलाई "मानव विकासको मेरुदण्ड" मानेको छ, किनकि यसले शिक्षा, स्वास्थ्य, आवास र सामाजिक सुरक्षामा पहुँच सहज बनाउँदै गरिबीको चक्र तोड्न मद्दत पुऱ्याउँछ। नेपालमा विशेष गरी ग्रामीण क्षेत्रमा कृषि आधारित रोजगारीको मौसमी प्रकृति, औद्योगिक विविधीकरणको कमी र उच्च आप्रवासन दरले श्रम बजारको संरचना असन्तुलित बनाएको छ। शिक्षा प्रणाली र बजारको मागबिचको अन्तर (skills mismatch) एक प्रमुख कारण हो जसले गर्दा

विश्वविद्यालय स्नातक र प्राविधिक-व्यावसायिक तालिमप्राप्त युवाहरू पनि उपयुक्त रोजगारी पाउन कठिनाइ भोगिरहेका छन् । सहरी क्षेत्रमा सेवा क्षेत्र बिस्तार भए पनि यसले मुख्यतः न्यून तलबका, अनौपचारिक र अस्थायी रोजगारी बढी सिर्जना गरेका छन् जसले जीवनस्तरमा ठोस सुधार ल्याउन सक्दैन । यस समस्यामा क्षेत्रीय असमानता पनि गहिरो छ, काठमाडौँ उपत्यकाजस्ता सहरहरूमा रोजगारीको अवसर तुलनात्मक रूपमा बढी भए पनि, मध्य र सुदूरपश्चिमका जिल्लाहरूमा युवा बेरोजगारी दर उच्च छ जसले आन्तरिक पलाईन बढाउँदै ग्रामीण आर्थिक गतिविधि कमजोर पार्ने जोखिम बढाउँछ ।

वैश्विक दृष्टिकोणले, प्रविधिगत परिवर्तन (automation, AI, digital platforms) ले रोजगारीको स्वरूप तीव्र गतिमा बदलिरहेको छ । यदि नेपालले डिजिटल अर्थतन्त्र, हरित ऊर्जा र आधुनिक पूर्वाधार क्षेत्रमा समयमै लगानी गर्न सकेन भने, नयाँ रोजगारीका अवसर विदेशी बजारमा सीमित भइ देशभित्रको बेरोजगारी अझ बढ्नेछ । साथमा वैदेशमा पनि रोजगारीको स्वरूप परिवर्तन हुँदै गर्दा हाम्रो वैदेशिक रोजगारीमा पनि असर पर्नसक्छ । यस पृष्ठभूमिमा, नेपाली काङ्ग्रेसले रोजगारीलाई मुख्य अर्थ राजनीतिक मुद्दा मानेर 'मिसन रोजगारी' अभियान नै सञ्चालन गरिरहेको छ । नेपाली काङ्ग्रेसको नीति तथा राजनीतिक एजेन्डाको केन्द्रीय स्थान पार्टीको युवा तथा रोजगारी नीति; मानव संशाधनको गुस्तर वृद्धि, शिक्षा प्रणाली सुधारसँगै प्राविधिक तथा व्यावसायिक शिक्षा (TVET) बिस्तार, नयाँ रोजगारीका अवसर सिर्जना र आर्थिक क्षेत्रको सुदृढीकरणमार्फत व्यावसायिक वातावरणमा सुधार, अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा क्षमता वृद्धि, वैदेशिक रोजगारीको अवस्थामा सुधार र सामाजिक सुरक्षा तथा जोखिम व्यवस्थापन, आधार स्तम्भमा आधारित छ, यी स्तम्भ शिक्षा-सिप-रोजगारीको एकीकृत मोडेललाई जोड दिँदै, घरेलु श्रम बजारको क्षमता वृद्धि र अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक युवा शक्ति विकास गर्ने लक्ष्यसँग सम्बन्धित छन् । युवा बेरोजगारी घटाउँदै, युवा शक्तिलाई आत्मनिर्भर, प्रतिस्पर्धी र नवप्रवर्तनशील बनाएर नेपालको दीर्घकालीन समुन्नतिको इन्जिनका रूपमा रूपान्तरण गर्नु नै हाम्रो लक्ष्य हुनुपर्छ ।

यस अनुसन्धानले युवा रोजगारीको अवस्थालाई राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारको सन्दर्भमा विश्लेषण गर्दै, अवसर, चुनौती र सम्भावनाहरू पहिचान गर्ने र काङ्ग्रेसको नीति संरचना र कार्यान्वयनलाई विश्लेषण गर्नेछ ।

## अध्ययनको समस्या

नेपालमा युवा बेरोजगारी संरचनागत र दीर्घकालीन स्वरूपको गहिरो समस्या बनेको छ । यद्यपि विद्यमान नीतिहरू कागजमा व्यापक देखिन्छन्, शिक्षा, सिप विकास र रोजगारीको अवसरबिचको समन्वयमा रहेको गम्भीर कमजोरीका कारण अपेक्षित परिणाम प्राप्त हुन सकेको छैन । उद्योग र शैक्षिक संस्थाबिचको सहकार्य सीमित रहँदा, श्रम बजारमा आवश्यक पर्ने व्यावहारिक सिपयुक्त जनशक्ति तयार हुन सकेको छैन । साथै, श्रम बजारमा अनौपचारिक रोजगारीको उच्च प्रभुत्वका कारण युवाहरूको रोजगार सुरक्षामा कमी आएको छ जसले उनीहरूलाई घरेलुमात्र नभई अन्तर्राष्ट्रिय श्रम बजारमासमेत प्रतिस्पर्धी बन्ने क्षमता कमजोर बनाइरहेको छ । कोभिड महामारीपश्चात्को आर्थिक पुनरुत्थानको सन्दर्भमा नेपालमा युवा बेरोजगारीका विशेष सामाजिक-आर्थिक प्रभावहरू अझै पर्याप्त रूपमा अध्ययन भएका छैनन् । २०२३ मा नेपालको युवा बेरोजगारी दर २०.३६% रहँदा राष्ट्रिय औसत १२.६%मात्र थियो जसले श्रम बजारका गहिरा संरचनागत चुनौतीहरू देखाउँछ । यी चुनौतीहरू अपर्याप्त शिक्षा र सिप विकास, वित्तीय पहुँचको कमी र अनौपचारिक रोजगारीको प्रभुत्वका

कारण झन् जटिल बनेका छन् । नेपाली काङ्ग्रेसको नीतिगत रूपरेखा प्रतिज्ञाबद्ध देखिए पनि यसको व्यावहारिक प्रभावकारिता र मापनयोग्य नतिजा अझ परीक्षणयोग्य छन् । यस विषयमा गहन अध्ययनहरूको कमि हुनु पनि समस्या हो । यो अध्ययन केवल नेपालका युवासम्बन्धी रोजगारीका चुनौती र अवसरमा केन्द्रित रहन्छ र अन्य समूह वा नेपालबाहिरका भौगोलिक क्षेत्रका नीतिहरूलाई समेट्दैन ।

## उद्देश्य

यस अध्ययनको उद्देश्य नेपालमा युवाको रोजगारीसम्बन्धी समस्या समाधानका लागि नेपाली काङ्ग्रेसको युवा नीतिको प्रभावकारिता र आगामी दिनमा लिनुपर्ने नीतिगत तथा कार्यान्वयनगत बाटोको आलोचनात्मक मूल्याङ्कन गर्नु हो । यसले शिक्षा सुधार, सिप विकास, दिगो रोजगारी सिर्जना र घरेलु तथा अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा वृद्धिजस्ता प्रमुख नीतिगत स्तम्भहरूले दीर्घकालीन आर्थिक रूपान्तरण र सामाजिक स्थिरतामा पुऱ्याउन सक्ने योगदानको विश्लेषण गर्दछ ।

## पूर्वकार्य समीक्षा

नेपालमा युवामा देखिने बेरोजगारी केवल अवसरको कमी नभई संरचनागत असन्तुलनको परिणाम हो । श्रम बजारमा उच्च अनौपचारिकता, शिक्षा-सिप र रोजगारी बिचको असंगती, औद्योगिक विविधीकरणको कमी तथा आप्रवासनको उच्च दरले समस्या अझ जटिल बनाएको छ (Sharma & Paudel, 2023)। ग्रामीण क्षेत्रमा मौसमी कृषि रोजगारले असुरक्षा बढाउँदा सहरी क्षेत्रमा अनौपचारिक तथा अस्थायी कामले जीवनस्तरमा सुधार ल्याउन सकेको छैन । कोभिड महामारीपश्चात् पर्यटन र सेवा क्षेत्रमा संकुचनले जोखिम अझ बढाएको छ (ILO, 2015)। युवा बेरोजगारी (१९.२%), अनौपचारिकता (९२.२%) र व्यापक वैदेशिक पलाईनलाई राजनीतिक अस्थिरता र कमजोर संस्थागत समन्वयसँग जोड्दै, नीति-सम्पादनमा 'प्राथमिकता, सामाजिक संवाद र बहु-संस्थागत सहकार्य' को आवश्यकता औँल्याएको छ । प्रतिवेदनले ग्रामीण अर्थतन्त्रको पुनर्जीवन, व्यावसायिक/प्राविधिक (TVET) सिप बिस्तार, अनौपचारिक रोजगारी व्यवस्थापन, श्रम बजार सूचना प्रणाली (LMIS) सुदृढीकरण र वैदेशिक रोजगारीलाई 'विकल्प' (genuine choice) मा सीमित राख्ने सुझाव दिन्छ । यसै सन्दर्भमा, कानुनी संरचना, संविधान २०७२ (रोजगारी र सामाजिक सुरक्षाको हक), श्रम ऐन २०७४, सामाजिक सुरक्षा ऐन २०७४, राष्ट्रिय रोजगारी नीति २०६८/२०७१ ले हक र संस्थागत आधार दिएको भए पनि, कार्यान्वयन र पहुँचमा देखिने खाडलले प्रभावकारिता घटाएको निष्कर्ष साहित्यमा दोहोरिन्छ (Dhakal, 2021)।

दलगत नीतिहरूमा केन्द्रित लेख सीमित भए पनि, उपलब्ध दस्ताबेजहरूलाई समेट्दा नेपाली काङ्ग्रेसले प्रस्ताव गर्ने, शिक्षा सुधार, TVET बिस्तार, रोजगारी उन्मुख आर्थिक सुदृढीकरण, अन्तर्राष्ट्रिय प्रतिस्पर्धा क्षमता र सामाजिक सुरक्षा अन्तर्राष्ट्रिय पूर्वाधारसँग सु-सम्बद्ध देखिन्छन् । उदाहरणतः, शिक्षा र उद्योगको सहकार्य, अनिवार्य इन्टर्नसिप र प्रोजेक्टमा आधारित सिकाइ (Karki & Singh, २०२०; Dhakal, २०२१) को सिफारिस काङ्ग्रेसको प्रस्तावसँग 'अन-द-जब' प्रशिक्षण(On The Job Training) र अप्रेन्टिस सिप बिस्तारसँग मेल खान्छ । त्यस्तै, उद्यमशीलता प्रवर्द्धन, स्टार्टअप इन्क्युबेसन र क्रेडिट ग्यारेन्टीजस्ता उपाय क्षीइ र CEDA ले सुझाएका स्वरोजगार-आधारित समाधानसँग नजिक छन् (CEDA, २०२३; ILO, २०२२) ।

“मिसन रोजगारी”जस्ता पहलले रोजगारीलाई राजनीतिक विमर्शको केन्द्र बनाउँदै स्थानीय सरकारसँगको सहकार्य बढाएको उल्लेख पार्टी-दस्ताबेजमा पाइन्छ, जुन ILO को “Coordination across multiple tiers’ सँग सुसङ्गत छ । नेपाली काङ्ग्रेसको, ‘मिसन रोजगारी’ अभियानको लक्ष्य यसमार्फत पार्टीले प्रत्यक्ष रूपमा रोजगारी उपलब्ध गराउने नभई, श्रम र रोजगारी सम्बन्धित विभिन्न आयामहरूमा संरचनागत र नीतिगत हस्ताक्षरमार्फत दिगो रोजगारी सिर्जनाको अनुकूल वातावरण निर्माण गर्नु हो । पार्टीले रोजगारी दिने नभई, रोजगारदाताका लागि उपयुक्त वातावरण बनाउन काम गर्ने हो । यस अभियानअन्तर्गत श्रम बजार व्यवस्थापन, श्रमको उत्पादकत्व, सिप अभिवृद्धि, जनशक्तिको व्यवस्थापन, व्यावसायिक लगानीको प्रवर्द्धन, साना तथा मझौला व्यवसायको सबलीकरण, उद्यमशीलताको बिस्तार, श्रम र रोजगारीको भविष्य, सामाजिक सुरक्षाको विषय बिस्तारजस्ता रोजगारीसँग सम्बन्धित विभिन्न आयाममा केन्द्रित भएर अध्ययन, अनुसन्धान, गर्ने र त्यसमा केन्द्रित भएर नीतिगत र कानुनी परिवर्तनको पक्षमा वकालत गर्ने तथा राजनीतिक वृत्तमा सु-सूचीत बहसका लागि काम भइरहेका छन् ।

सैद्धान्तिक आधारमा, मानव पुँजी सिद्धान्त (Becker, १९६४; Schultz, १९६१) ले शिक्षा/सिपमा लगानीले उत्पादकत्व र वृद्धिदर बढाउँछ भन्छ; नेपालका अध्ययनहरूले युवाको उच्च बेरोजगारीलाई ‘underutilized human capital’ को रूपमा चित्रण गरेका छन् (Sharma ७ Pant, २०२०; Poudel & Gurung, २०२१) । जब सिप-माग असङ्गति, अनौपचारिकता र कम उत्पादकत्वको त्रिकोण बलियो हुन्छ, दीर्घकालीन ‘scarring’ को जोखिम बढ्छ (Bell ७ Blanchflower, २०११; ILO, २०२०), यही जोखिमलाई नीतिले चिर्न, शिक्षा-सिप-रोजगारीको एकीकृत मोडेल, ग्रामीण-सहरी सन्तुलित वृद्धि र निजी क्षेत्रलाई रोजगारीको प्रमुख प्रदायक बनाउने वातावरण अपरिहार्य ठहरिन्छ । समग्रमा, उपलब्ध साहित्यले कारण (skills mismatch, infO{rmality, कमजोर समन्वय), असर (उत्पादनशीलता ह्रास, सामाजिक निर्भरता, मानसिक स्वास्थ्य, दीर्घकालीन scarring) र समाधान-दिशा (शिक्षा/TVET सुधार, उद्यमशीलता, LMIS, रोजगारी-केन्द्रित वृद्धि) स्पष्ट गर्छ; तर दलगत नीतिको प्रभावकारी कार्यान्वयन, बजेट-प्राथमिकता र मापनयोग्य नतिजासम्बन्धी गहिरो, तुलनात्मक मूल्याङ्कन अझै हुँदैन । यही खाडल पूर्तिका लागि, यो अध्ययनले नेपाली काङ्ग्रेसको रोजगारी नीतिलाई विभिन्न सिफारिस र उदाहरणसँग मिलाएर समालोचनात्मक रूपमा परीक्षण गरिएको छ ।

## अनुसन्धान विधि

यस अध्ययनमा गुणात्मक सामग्री विश्लेषण (Qualitative Content Analysis) विधि मुख्य आधारका रूपमा प्रयोग गरिएको छ । यस विधिबाट विभिन्न स्रोतहरूमा प्रस्तुत बिचार, नीति, तथ्याङ्क र सन्दर्भहरूको गहन परीक्षण र व्याख्या गरिएको छ । प्राथमिक स्रोतका रूपमा नेपाली काङ्ग्रेसका आधिकारिक नीति पत्र, घोषणापत्र र सम्बन्धित आधिकारिक दस्ताबेजहरूलाई समावेश गरिएको छ । द्वितीयक स्रोतमा सरकारी तथ्याङ्क, अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) का प्रतिवेदन, विश्व बैंक र पत्रिकामा प्रकाशित अनुसन्धानात्मक लेखहरूलाई उपयोग गरिएको छ । साथै, अन्तर्राष्ट्रिय अभ्यासहरूलाई तुलनात्मक ढाँचामा मूल्याङ्कन गरेर नेपालको वास्तविकतासँग तुलना गरिएको छ । यसरी विविध स्रोतको व्यवस्थित अध्ययनले नीतिको संरचना, कार्यान्वयनको चुनौती र सम्भावित प्रभावबारे सुसङ्गत र विश्वसनीय निष्कर्ष निकाल्न सहयोग पुऱ्याएको छ ।

## अनुसन्धानको सीमा

यो अध्ययन मुख्यतया दस्तावेज विश्लेषणमा आधारित भएकाले प्रत्यक्ष सर्वेक्षण, अन्तर्वार्ता वा प्राथमिक तथ्य सङ्कलनको प्रक्रिया समावेश गरिएको छैन । अनुसन्धानको प्रमुख आधार नेपाली काङ्ग्रेसका नीति पत्र, घोषणापत्र, सरकारी तथ्याङ्क, अन्तर्राष्ट्रिय सङ्गठनहरूको प्रतिवेदन तथा पत्रिकामा प्रकाशित अनुसन्धानात्मक लेखहरूमा सीमित छ । वैदेशिक रोजगारको अनौपचारिक क्षेत्रसम्बन्धी अद्यावधिक तथ्याङ्कको अभावले केही पक्षहरूलाई पूर्वरूपमा आकलन गर्न कठिनाइ भएको छ । त्यस्तै, युवा बेरोजगारीसँग सम्बन्धित क्षेत्रीय तथा लैङ्गिक भिन्नतालाई व्यापक रूपमा विश्लेषण गर्ने सम्भावना पनि सीमित रह्यो । अनुसन्धानले विशेष गरी नेपालभित्रको युवा र रोजगारी नीति सन्दर्भमामात्र केन्द्रित भएर कार्य गरेको छ, अन्य देश वा फरक जनसाङ्ख्यिक समूहको तुलना यस अध्ययनको दायराभित्र पर्दैन ।

## नतिजा र छलफल

नेपालमा युवामा देखिने बेरोजगारी केवल रोजगार अवसरको कमी नभई श्रम बजारको संरचनागत कमजोरी, शिक्षा र सिप बिचको असङ्गति र संस्थागत समन्वय अभावको प्रतिफल हो । नेपाली काङ्ग्रेसको युवा तथा रोजगारी नीति आधारस्तम्भमा आधारित भए पनि, यसको प्रभावकारी कार्यान्वयनका लागि स्पष्ट बजेट प्राथमिकता, तीनै तहका सरकार बिचको बहु-स्तरीय समन्वय र निजी क्षेत्रको सक्रिय सहभागिता अपरिहार्य देखिन्छ । नीतिले प्रस्तुत गरेका कार्यक्रमहरू शिक्षा प्रणाली सुधार, प्राविधिक तथा व्यावसायिक तालिम बिस्तार, रोजगारीमैत्री उद्योग प्रवर्द्धन, सामाजिक सुरक्षा प्रणाली, अन्तर्राष्ट्रिय अभ्याससँग मेल खान्छन् तर नेपालमा यिनको कार्यान्वयन अझै प्रारम्भिक चरणमै सीमित छ । ग्रामीण क्षेत्रमा कृषि रोजगारको मौसमीपन र सहरी क्षेत्रमा अनौपचारिक रोजगारीको प्रचुरताले युवा दीर्घकालीन र सम्मानजनक रोजगारीबाट वञ्चित भइरहेका छन् । साथै, उच्च सिपयुक्त जनशक्ति १% भन्दा कम हुनु र औसत श्रमिक उत्पादकत्व चीन वा भारतको तुलनामा निकै न्यून हुनु, दीर्घकालीन प्रतिस्पर्धात्मक क्षमतामा ठुलो चुनौती हो । नतिजाले देखाउँछ कि स्वरोजगार, उद्यमशीलता प्रवर्द्धन र अन्तर्राष्ट्रिय श्रम बजारमा युवाको प्रतिस्पर्धा क्षमता वृद्धि बिना दिगो रोजगारी सिर्जना सम्भव छैन । युवा बेरोजगारी न्यूनीकरण केवल आर्थिक मुद्दा होइन; यसले सामाजिक स्थिरता, राजनीतिक समावेशीता र राष्ट्रिय उत्पादनशीलतामा गहिरो प्रभाव पार्छ । त्यसैले, शिक्षा-सिप-रोजगारीको एकीकृत मोडेल, श्रम बजारको पारदर्शिता र निजी-सार्वजनिक सहकार्यलाई व्यवहारमा उतार्दामात्र काङ्ग्रेसको नीति युवालाई आत्मनिर्भर, नवप्रवर्तनशील र उत्पादनशील बनाउँदै दीर्घकालीन समुन्नतिको इन्जिन बनाउन सक्षम हुनेछ ।

रोजगारी राष्ट्रको आर्थिक, सामाजिक र राजनीतिक स्वास्थ्यको आधारशीला हो जसले व्यक्तिगत आम्दानी सुनिश्चित गर्नुका साथै उत्पादनशीलता, सामाजिक स्थिरता र दीर्घकालीन विकासलाई अघि बढाउँछ । स्थिर रोजगारीले आम्दानी बढाएर उपभोग, बचत र लगानी सक्रिय पार्छ जसले उत्पादनशीलता वृद्धि, कर सङ्कलन बिस्तार र नयाँ अवसर सिर्जनामा योगदान पुऱ्याउँछ । सामाजिक दृष्टिले, गुणस्तरीय रोजगारीलाई मानव विकासको मेरुदण्ड मानिन्छ, किनकि यसले शिक्षा, स्वास्थ्य, आवास र सुरक्षामा सहज पहुँच दिलाउँदै गरिबीको चक्र तोड्छ र सम्मान कायम राख्छ । राजनीतिक रूपमा, बेरोजगारी विशेष गरी युवामा असन्तुष्टि, अस्थिरता र आपराधिक गतिविधि बढाउने कारक बन्न सक्छ, साथै उच्च बेरोजगारी भएका समाजमा विदेश पलाईनको

जोखिम तीव्र हुन्छ । त्यसैले, रोजगारी सिर्जना केवल आर्थिक आवश्यकतामात्र नभई सामाजिक एकता र राजनीतिक स्थिरताको पनि आधार हो ।

**समस्या**

नेपालमा युवा बेरोजगारी संरचनागत असन्तुलन, शिक्षा प्रणालीको कमजोरी, श्रम बजारको असुरक्षा र नीतिगत अपर्याप्तताको संयुक्त परिणाम हो । यसले व्यक्तिगत जीवनस्तर, पारिवारिक आर्थिक सुरक्षा, सामाजिक स्थिरता र दीर्घकालीन राष्ट्रिय अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पार्छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) काअनुसार, युवा बेरोजगारी दर प्रायः वयस्कभन्दा उच्च हुन्छ, जसको मूल कारण सिप असमानता, रोजगारी सिर्जनाको अपर्याप्तता र आर्थिक अस्थिरता हुन् । यसले उपभोग क्षमतामा कमी, राजस्व संकलनमा गिरावट र सामाजिक सुरक्षामा अतिरिक्त बोझ थप्छ । विकासोन्मुख मुलुकहरूमा औद्योगिक विविधीकरणको कमीले यो समस्या अझ गहिरो बनाउँछ जसले दीर्घकालीन गरिबी हटाउने प्रयासमा अवरोध खडा गर्छ । त्यस्तै, दीर्घकालीन बेरोजगारीले उत्पन्न गर्ने "scarring effect" ले युवाको जीवनभरको आय र रोजगार सम्भावनामा स्थायी नोक्सानी पुऱ्याउँछ ।

नेपालको सन्दर्भमा युवा बेरोजगारी बहु आयामिक समस्या हो । शिक्षा र श्रम बजार बिचको असंगति, व्यावहारिक सिप अभाव र नीति कार्यान्वयनमा देखिएको कमजोरी प्रमुख कारक हुन् । धेरै उच्च शिक्षा प्राप्त युवाहरू बजारले माग गर्ने सिप नभएकाले उपयुक्त काम पाउन असफल हुन्छन् । न्यून तलब, कामको असुरक्षा र करियर उन्नतिको कमी हुने अनौपचारिक क्षेत्रमा करिब ९२% युवा संलग्न हुनुले, समस्याको गहिराइ देखाउँछ । भौगोलिक र सामाजिक असमानताले ग्रामीण युवालाई अवसरको कमी र सहरी युवालाई अत्यधिक प्रतिस्पर्धाको दबाबमा राखेको छ । COVID-१९ महामारीले पर्यटन, होटेल व्यवसाय र खुद्रा व्यापारजस्ता क्षेत्रलाई कमजोर बनाएर युवाको आर्थिक असुरक्षा अझ बढायो । यस्तै, वैदेशिक रोजगारीतर्फको निर्भरता उच्च रहँदा, देशभित्र उत्पादक श्रम शक्तिको उपयोग सीमित भइ दीर्घकालीन विकासमा बाधा उत्पन्न भएको छ । यसरी, युवा बेरोजगारी नेपालमा केवल रोजगारीको कमी नभई समग्र विकासको मार्ग अवरुद्ध गर्ने जटिल संरचनागत समस्या हो ।

नेपालमा कृषि, उद्योग र सेवा क्षेत्र पर्याप्त रूपमा बिस्तार हुन नसक्दा युवाका लागि रोजगारी अवसर सीमित बनेका छन् । पुँजी र प्रविधिमा लगानीको कमी, अव्यवस्थित पूर्वाधार र स्थिर औद्योगिक नीतिको अभावले उत्पादनमुखी उद्योग सीमित छन् । कृषि अझै परम्परागत नै छ, उद्योगमा वृद्धि छैन र सेवाक्षेत्रमा उच्च कौशलसँग सम्बन्धित रोजगारीको कमी छ । यसले युवाको रोजगारी सुरक्षामा प्रतिकूल असर पुऱ्याउँदै दीर्घकालीन आर्थिक अवसर सङ्कुचित गरेको छ ।

नेपालमा युवामा हुने बेरोजगारीको दीर्घकालीन र संरचनागत कारणमध्ये एक प्रमुख पक्ष शिक्षा र रोजगार बिचको सिप अन्तर (skills gap) हो । शैक्षिक संस्थाहरू अझै सैद्धान्तिक शिक्षामा बढी केन्द्रित भएकाले विद्यार्थीहरूले उद्योगसँग प्रत्यक्ष सम्बन्धित व्यावहारिक सिप र समस्या-समाधान क्षमतामा दक्षता हासिल गर्न सकिरहेका छैनन् । यसले सूचना प्रविधि, इन्जिनियरिङ र स्वास्थ्यसेवाजस्ता उच्च माग भएका क्षेत्रमा योग्य जनशक्ति कमी भएको अवस्था सिर्जना गरेको छ । स्नातक तथा उच्च शिक्षा प्राप्त युवाहरूले श्रम बजारको वास्तविक आवश्यकताअनुसार तयारी गर्न नसक्दा प्रतिस्पर्धी रोजगारी पाउने सम्भावना घट्छ र बेरोजगारी दर

बढ्छ। साथै, पाठ्यक्रमहरू अद्यावधिक नभएकाले युवाहरू विश्वव्यापी रोजगारी बजारमा आवश्यक नवीनतम प्रविधि र ज्ञानसँग अपरिचित रहन्छन्। प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम (TVET) मा नामाङ्कन दर १०% भन्दा कम हुनु र करियर परामर्श प्रणालीको अभावले यो अन्तर अझ गहिरो बनाएको छ। यसले धेरै युवालाई अनिश्चित रोजगारी वा बेरोजगारीतर्फ धकेल्छ। शिक्षा-रोजगारीबिचको यो असङ्गति केवल तत्काल बेरोजगारीको कारणमात्र नभई दीर्घकालीन रूपमा उद्योग र सेवा क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता, उत्पादकत्व र नवप्रवर्तनमा नकारात्मक असर पार्ने मुख्य तत्त्व बनेको छ (CTEVT, 2018)।

युवामा देखिने बेरोजगारीको दीर्घकालीन संरचनागत कारणमध्ये सामाजिक दृष्टिकोण र सांस्कृतिक मूल्य-मान्यताहरूको भूमिका उल्लेखनीय छ। White Collar रोजगारीप्रतिको आकर्षण अझै पनि अत्यधिक बलियो छ जसले कृषि, निर्माण, उत्पादन, प्राविधिक र हस्तकला उद्योगजस्ता श्रम आधारित क्षेत्रमा रोजगारीको माग हुँदाहुँदै पनि ती क्षेत्रमा प्रवेश गर्ने युवाको सङ्ख्या न्यून बनाएको छ। नेपाली समाजमा यी क्षेत्रहरूलाई "कम प्रतिष्ठित" भन्ने धारणा हाबी छ जसले योग्य र सिपयुक्त श्रमिकको आपूर्तिमा बाधा गर्दै उद्योग, सेवा र कृषि क्षेत्रमा रिक्त पदहरू लामो समयसम्म भर्न नसक्ने अवस्था सिर्जना गरेको छ। यो मानसिकताको मूल स्रोत पारिवारिक र सामाजिक अपेक्षामा रहेको छ, धेरै अभिभावक र परिवारहरूले आफ्ना सन्तानलाई शैक्षिक डिग्री प्राप्त गर्नेमात्र मार्गतर्फ निर्देशित गर्छन् तर ती डिग्रीहरू प्रायः तत्काल रोजगारीमा परिणत नहुने वा रोजगारी बजारको मागअनुसार नहुने देखिन्छ। यसले युवा पुस्तालाई व्यावसायिक तालिम (vocational training) वा प्रविधि-केन्द्रित सिप विकासमा लगानी गर्नबाट विमुख बनाउँछ, जसको परिणामस्वरूप रोजगार योग्यताको स्तर (employability) कमजोर रहन्छ।

नेपालमा आज जन्मने बच्चाले १८ वर्ष पुग्दा आफ्नो कुल उत्पादनशील क्षमताको केवल ५१ प्रतिशतमात्र हासिल गर्न सक्ने अनुमान गरिएको छ। गुणस्तरीय शिक्षा, स्वास्थ्यसेवा र पोषणमा सीमित पहुँचका कारण करिब आधा क्षमताको उपयोग हुन पाउँदैन (World Bank, 2025)। यो केवल व्यक्तिगत स्तरमा गुमेको अवसरमात्र होइन, देशको दीर्घकालीन आर्थिक वृद्धि र उत्पादनशीलतामा ठुलो घाटा हो। यसले स्पष्ट देखाउँछ कि मानव पुँजीमा तत्काल र प्रभावकारी लगानी नगरी नेपालको भविष्य दिगो बनाउन कठिन हुनेछ।

नेपालको अर्थतन्त्रमा वैदेशिक आप्रवासन र रेमिट्यान्सको भूमिका अत्यन्तै महत्त्वपूर्ण छ तरसँगै यसले ल्याउने चुनौती र अवसर दुवैलाई बुझ्नु जरुरी छ। नेपालको कुल गार्हस्थ्य उत्पादन (GDP) को करिब २६ प्रतिशत हिस्सा रेमिट्यान्सबाट आउँछ तर यो आम्दानीको ठुलो हिस्सा १५ देखि ३४ वर्षका युवाबाट आएको हो जसले देशकै सबैभन्दा उत्पादनशील उमेर समूहलाई विदेश धकेलेको स्पष्ट सङ्केत दिन्छ। सिप र शैक्षिक स्तरको कारणले धेरै नेपाली युवा अझै पनि GCC (Gulf Cooperation Council) र मलेसियाजस्ता गन्तव्यमा कम-कौशल रोजगारमा सीमित छन्, यद्यपि पछिल्ला वर्षहरूमा सिपयुक्त रोजगारीतर्फ सर्ने सकारात्मक सङ्केत पनि देखिएका छन् (CBS, 2023)। नेपालभित्र औसत मासिक तलब (१६९ डलर) र विदेशमा उपलब्ध तलबबिचको ठुलो अन्तरले युवा पलाईनलाई तीव्र बनाएको छ। अध्ययनले विदेशबाट पठाएको विप्रेषण मध्ये ८९% खपतमा नै गएको तथ्यांक देखाउँछ जसले गर्दा विप्रेषण उल्लेख्य पूँजीको रूपमा प्रयोग भैरहेको छैन भन्ने कुरा देखाउछ। साथै विदेशबाट फर्केकाहरूको सिप र पुँजीलाई उपयोग गर्न नसक्दा र उल्लेख्य अवसर सिर्जना गर्न नसक्दा पुनः वैदेशिक रोजगारीको शृङ्खला बढ्दै गएको छ (Basnett, 2023)।

नेपालको श्रम बजारमा नीतिगत र संस्थागत कमजोरीहरू लामो समयदेखि युवामा रहेको बेरोजगारीलाई गहिरो बनाउने प्रमुख कारकका रूपमा देखिएका छन् । कागजमा युवामुखी रोजगारी नीतिहरू भए पनि स्रोत-साधनको कमी, कार्यान्वयनमा देखिने कमजोरी र प्रभावकारी निगरानी-मूल्याङ्कन संयन्त्रको अभावले तिनीहरूको असर न्यून रहँदै आएको छ। हालका नीतिहरूले नवप्रवेशी युवालाई प्राथमिकतापूर्वक रोजगारीमा समावेश गर्ने संयन्त्र निर्माण गरेका छैनन्, न त निजी क्षेत्रलाई युवालाई रोजगार दिन प्रोत्साहन गर्ने कर छुट वा सब्सिडीजस्ता पर्याप्त सुविधा उपलब्ध छन् । यसै गरी, उद्यमशील युवाका लागि वित्तीय पहुँच, व्यावसायिक मार्गदर्शन र इनक्यूबेशन पूर्वाधारको कमीले नयाँ व्यवसाय सुरु गर्ने उत्साह घटाएको छ। प्रशासनिक ढिलाई र जटिल अनुमति प्रक्रियाले यो समस्या थप बढाएको छ । यस्तो कमजोरी हटाउन श्रम बजार नीतिमा युवालाई प्राथमिकता दिने, निजी क्षेत्रलाई आकर्षित गर्ने प्रोत्साहन प्याकेज ल्याउने र उद्यमशीलतालाई सहज बनाउन वित्तीय र प्रशासनिक सुधार आवश्यक देखिन्छ। यी सुधारहरू दीर्घकालीन रणनीतिअन्तर्गत कार्यान्वयन गर्न सकेमात्र, नेपालले युवा बेरोजगारी घटाउँदै युवालाई रोजगारी सिर्जनाकर्ता बनाउने सम्भावना बढाउन सक्छ।

नेपालमा युवा बेरोजगारीको प्रभाव बहुआयामिक छ जसले केवल रोजगारीको अभावमात्र होइन, राष्ट्रको आर्थिक विकास, सामाजिक स्थिरता र दीर्घकालीन राजनीतिक वातावरणमा गहिरो असर पार्छ । आर्थिक दृष्टिले, उत्पादनशील उमेर समूह श्रम बजारमा संलग्न हुन नसक्दा कुल उत्पादकत्व र GDP को वृद्धिमा गिरावट आउँछ । यसले उपभोग क्षमता घटाउँदै परिवारलाई बचत र लगानीमा कमजोर बनाउँछ भने, सरकारलाई सामाजिक सुरक्षा योजनामा स्रोत खर्च गर्न बाध्य पार्छ जसले दीर्घकालीन विकास परियोजनामा लगानी गर्ने क्षमता घटाउँछ। सामाजिक दृष्टिले, बेरोजगारीले युवामा निराशा, आत्मविश्वास ह्रास र मानसिक स्वास्थ्य समस्याहरू जन्माउँछ जसले बेरोजगारीको चक्रलाई झन् दीर्घकालीन बनाउँछ। लैङ्गिक र सामाजिक असमानतामा थप गहिरोपन ल्याउँदै, बेरोजगारीले सीमान्तकृत समुदाय र महिलालाई अझै पछाडि धकेल्छ। साथै, अवसरको कमीले केही युवालाई आपराधिक गतिविधि र अस्थिरतामा तान्न सक्छ जसले लगानी वातावरणलाई कमजोर बनाउँछ। दीर्घकालीन रूपमा, बेरोजगारीले सिप ह्रास (skills erosion) गराउँछ, रोजगारीका अवसर घटाउँछ र युवाको आर्थिक स्वतन्त्रतालाई झन ढिलो बनाउछ जसले विवाह, उद्यम, आवास खरिद वा उच्च शिक्षाजस्ता महत्त्वपूर्ण गतिविधिहरूमा अवरोध ल्याउँछ । अन्ततः उपभोग-लगानीको चक्र सुस्त भइ जनसाङ्ख्यिक लाभांशको प्रभावकारी उपयोगमा अवरोध सिर्जना हुन्छ जसले नेपालको प्रतिस्पर्धात्मक क्षमता कमजोर पार्दै दीर्घकालीन आर्थिक वृद्धिलाई सीमित पार्दछ।

**समाधान**

नेपालमा युवा बेरोजगारी केवल रोजगारीको अभावको समस्यामात्र होइन, यो देशको आर्थिक उन्नति, सामाजिक समावेशीता र राजनीतिक स्थिरता सबैमा असर पार्ने गहिरो चुनौती हो। ठुलो सङ्ख्यामा युवा श्रम बजारमा प्रवेश गरे पनि उनीहरूलाई उपयुक्त र गुणस्तरीय रोजगारी पाउन कठिनाइ भइरहेको छ। धेरै युवाहरू अनौपचारिक काममा, न्यून आयमा वा वैदेशिक रोजगारीमा निर्भर हुन बाध्य छन् । यस अवस्थाले देशको उत्पादनशील क्षमता, नवप्रवर्तनको सम्भावना र आन्तरिक आर्थिक वृद्धि सबैमा अवरोध पुऱ्याउँछ। समस्या शिक्षा प्रणालीको श्रम बजारसँगको कमजोर सम्बन्ध, सिप विकासमा अपर्याप्त लगानी, आर्थिक क्षेत्रको सीमित बिस्तार र नीति-कार्यान्वयनको कमजोरीसँग जोडिएको छ । यसलाई समाधान गर्न शिक्षा र सिप

विकासमा आमूल सुधार, रोजगारी सिर्जना गर्ने उत्पादनमुखी लगानी, अन्तर्राष्ट्रिय प्रतिस्पर्धा क्षमता अभिवृद्धि र सामाजिक सुरक्षाको मजबुत संरचना एकीकृत रूपमा अघि सार्नु आवश्यक छ । तात्कालिक रोजगारी सिर्जनासँगै दीर्घकालीन आर्थिक रूपान्तरणको दृष्टि राख्ने बहु आयामिक रणनीति लागु नगरेसम्म यो चुनौती स्थायी रूपमा हट्ने छैन ।

नेपालको शिक्षा प्रणाली अझै पनि सैद्धान्तिक र परीक्षामुखी स्वरूपमा केन्द्रित छ, जसका कारण श्रम बजारले माग गर्ने व्यावहारिक सिप, उद्योगसँग प्रत्यक्ष सम्बन्धित ज्ञान र समस्या समाधान क्षमतामा कमी देखिन्छ । आधुनिक प्रतिस्पर्धी बजारमा केवल शैक्षिक प्रमाणपत्र पर्याप्त नहुनेभएकाले, पाठ्यक्रमलाई उद्योग शैक्षिक साझेदारीमार्फत STEM (Science, Technology, Engineering, Mathematics) र अन्य सिपका विषयमा काम गर्नुपर्छ । यसका लागि दक्षिण कोरियाको उदाहरण उपयोगी छ, जहाँ विश्वविद्यालय स्तरमै उद्योग-सहकार्य परियोजनाहरू अनिवार्य गरिएको छ जसले स्नातकहरूलाई सीधा रोजगारीमा प्रवेश गर्ने वातावरण बनाएको छ । साथै, अनिवार्य इन्टर्नसिप र प्रोजेक्ट-आधारित अध्ययन प्रणालीले विद्यार्थीलाई वास्तविक कार्यानुभव दिलाउँदै कक्षा र उद्योगबिचको खाडल घटाउँछ । यससँगै विद्यालयदेखि विश्वविद्यालयसम्म रोजगारी-उन्मुख करियर मार्गदर्शन र परामर्श सेवाहरू अनिवार्य गर्दा, विद्यार्थीहरूले आफ्नो क्षमता, रोजगारी सम्भावना र आवश्यक सिपको प्रारम्भिक पहिचान गर्न पाउँछन् । अन्ततः, शिक्षा सुधारको उद्देश्य केवल डिग्रीधारी उत्पादन गर्नु नभई, स्नातक हुने बित्तिकै बजारमा प्रतिस्पर्धा गर्न सक्षम, दक्ष र बहुमुखी जनशक्ति तयार गर्नु हो ।

नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा (TVET) अझै सीमित भौगोलिक क्षेत्रमामात्र केन्द्रित भएकाले ग्रामीण, सीमान्तकृत र आर्थिक रूपमा कमजोर समुदायका युवाले आवश्यक सिप सिक्ने अवसर पाएका छैनन् जसले बेरोजगारीको दायरा अझ बिस्तार गरेको छ । यस चुनौतीलाई सम्बोधन गर्न, कृषि प्रविधि, क्ष्रह्त, स्वास्थ्य, पर्यटन, निर्माण र नवीकरणीय ऊर्जाजस्ता उच्च सम्भावना भएका क्षेत्रमा छोटो तथा मध्यम अवधिका व्यावहारिक तालिम सञ्चालन गर्न आवश्यक छ । सार्वजनिक-निजी साझेदारी (PPP) मोडलमार्फत तालिम सञ्चालन गरी रोजगारीमा प्रत्यक्ष प्लेसमेन्ट ग्यारेन्टी गर्ने व्यवस्था सुनिश्चित गर्न सकिन्छ जसले सीधा श्रम बजारमा प्रतिस्पर्धी जनशक्ति आपूर्ति गर्छ । दुर्गम क्षेत्रमा बस्ने युवाका लागि मोबाइल तालिम युनिट र अनलाईन/हाइब्रिड मोड्युलको प्रयोगले भौगोलिक दूरीको अवरोध घटाउँछ, जब कि महिला, अपाङ्गता भएका युवा र सीमान्तकृत समुदायका लागि छात्रवृत्ति, शुल्कमा सहुलियत र आरक्षण कोटाजस्ता समावेशी नीतिहरूले समान अवसर सुनिश्चित गर्छ । यससँगै, स्वरोजगार प्रवर्द्धनका लागि प्रादेशिक स्तरमा स्टार्टअप इन्क्युबेशन हब, सहुलियत कर्जा र क्रेडिट ग्यारेन्टी स्किम लागु गर्दै फ्रीलान्सिङ, डिजिटल मार्केटिङ र रिमोट टेक सेवाजस्ता डिजिटल स्वरोजगार तालिमलाई प्राथमिकता दिनुपर्छ जसले नेपालको श्रम शक्तिलाई विश्वव्यापी बजारमा प्रवेश गराउँदै अर्थतन्त्रलाई प्रतिस्पर्धी र निर्यातमुखी बनाउन मद्दत पुऱ्याउँछ ।

वैदेशिक रोजगारीलाई केवल विदेश जानेहरूको सङ्ख्याका रूपमामात्र हेर्नुको सट्टा यसले पुँजी निर्माण र देश भित्रै सिर्जना गर्न सक्ने अवसरका रूपमा बुझ्नुपर्छ । यदि आप्रवासी श्रमिकको कमाइ (विप्रेषण) लाई नेपालमै उत्पादनशील क्षेत्रमा लगानी गर्ने वातावरण बनाइयो भने, त्यसले धेरैका लागि नयाँ रोजगारीका अवसरहरू सिर्जना गर्नसक्छ । यसले विप्रेषणको सही सदुपयोग सुनिश्चित गर्छ र विदेश जानुपर्ने बाध्यताको चक्रलाई पनि रोक्न मद्दत गर्छ । विदेश जाने युवाहरूलाई उच्च सिप र मूल्यको रोजगारीका लागि तयार गरेर, उनीहरूका

श्रमिक अधिकारको सुरक्षा गर्ने र विदेशबाट फर्केपछि उनीहरूको सिप र पुँजीलाई स्वदेशमै उद्यमशीलतामा बदल्ने गरी काम गरियो भने वैदेशिक रोजगारीलाई दिगो रोजगारी सिर्जनासँग जोड्न सकिन्छ।

नेपालमा सूचना प्रविधि (आईटी) क्षेत्रको तीव्र बिस्तारले ज्ञान-आधारित अर्थतन्त्र (knowledge economy) तर्फको यात्रा नयाँ उचाइमा पुऱ्याएको छ। पछिल्ला वर्षहरूमा आईटी सेवा निर्यात उल्लेखनीय दरले बढ्दै विदेशी मुद्रा आर्जनमा योगदान पुऱ्याएको छ जसले अर्थतन्त्रमा स्थायित्व र विविधीकरण ल्याएको छ। साथै, नयाँ सूचना प्रविधी कम्पनीहरूको तीव्र दर्ता, प्रत्यक्ष रोजगारी सिर्जना र युवाको व्यापक सहभागिताले यो क्षेत्रमा नेपाललाई विश्वव्यापी प्रतिस्पर्धामा क्रमशः स्थापित गरिरहेको छ। सरकारका कर छुट, विशेष उद्योगको मान्यता र वैदेशिक लगानी (FDI)-मैत्री वातावरणले आईटी उद्योगमा विश्वास बढाउँदै लगानी, उद्यमशीलता र रोजगारीका सम्भावनालाई अझै बलियो बनाएको छ। यसैबिच, आईटी सेवा, फ्रीलान्सिङ र डिजिटल प्लेटफर्ममा युवाको सक्रिय प्रवेशले परम्परागत रोजगारी संरचनालाई परिवर्तन गरिदिएको छ। हजारौँ युवाहरूले आफ्नो सिप र समयलाई डिजिटल बजारसँग जोडेर आयआर्जन गर्न थालेका छन् जसले उनीहरूलाई आत्मनिर्भर र विश्वव्यापी श्रम बजारमा प्रतिस्पर्धी बनाइरहेको छ (IIDS, 2022)। "डाँडामै बसेर २-३ लाख कमाउन सकिन्छ" भन्ने सपना ज्ञान अर्थतन्त्रले दिएको सम्भावनाको व्यावहारिक उदाहरण हो। आवश्यक नीतिगत समर्थन, गुणस्तरीय शिक्षा र सिप विकासमार्फत यो सपना अझै ठुलो परिणाममा परिणत हुनसक्छ। युवाहरूको दृष्टिकोणबाट, आईटी क्षेत्र रोजगारीमात्र होइन, नवप्रवर्तन (innovation), उद्यमशीलता र विश्व बजारमा पहिचान बनाउन सक्ने अवसर पनि हो। नेपाली काङ्ग्रेसको युवा रोजगारी नीतिले युवालाई आईटी र ज्ञान-आधारित अर्थतन्त्रमा सक्रिय शक्ति बनाउने दृष्टि राखेको छ। पार्टीले रोजगारी सिर्जनालाई दीर्घकालीन समुन्नतिको इन्जिन मानेर, आईटी उद्योगलाई प्राथमिकता दिने, उद्यमशीलता प्रोत्साहन गर्ने र श्रम बजारलाई विश्वव्यापीकरणसँग जोड्ने नीति अघि सारेको छ।

गिग अर्थतन्त्रले विशेष गरी युवालाई नयाँ अवसर र रोजगारीको विकल्प दिएको छ। राइड-सियरिङ, फुड डेलिभरी, सफ्टवेयर सेवा वा डिजिटल फ्रीलान्सिङमार्फत धेरै युवाले अब आफ्नो सिप प्रयोग गरेर तत्काल आयआर्जन गर्न थालेका छन्। गिग अर्थतन्त्र विश्वभरि फैलँदै गर्दा, नेपालमा पनि यसको उल्लेखनीय वृद्धि देखिएको छ। यसले देशको जिडिपीमा करिब ७% योगदान पुऱ्याउँछ। अनलाईन श्रम सूचकाङ्कअनुसार, नेपालका ४९% फ्रीलान्स कामदार सफ्टवेयर र प्रविधि विकास सेवामा संलग्न छन् (Nomura & Ho, 2024)। यसले नेपालमा डिजिटल सिपको विकास र त्यसको बढ्दो मागलाई दर्साउँछ।

यसले उनीहरूलाई समयको लचिलो प्रयोग, स्व-निर्भरता र अन्तर्राष्ट्रिय बजारसम्म पुग्ने बाटो खुला गरिदिएको छ। यद्यपि, सामाजिक सुरक्षा र कानुनी संरक्षणको कमीका कारण उनीहरूको आय अस्थिर रहन्छ र दीर्घकालीन भविष्य अनिश्चित हुन्छ। नेपाली काङ्ग्रेस यसलाई युवालाई आत्मनिर्भर, उत्पादनशील र प्रतिस्पर्धी श्रम शक्ति बनाउन सक्ने सम्भावना भएको क्षेत्रका रूपमा हेर्छ। त्यसैले डिजिटल पूर्वाधार, सिप विकास, बिमा र श्रमिक सुरक्षामा जोड दिँदै गिग अर्थतन्त्रलाई सबल बनाएर युवालाई दिगो र सम्मानजनक रोजगारीतर्फ उन्मुख गराउन सकिन्छ।

रोजगारी सिर्जना र आर्थिक क्षेत्रको सुदृढीकरण दीर्घकालीन रोजगारी समाधानको मुख्य आधार हो, जुन उत्पादन क्षमता, नवप्रवर्तन र बजार बिस्तारसँग प्रत्यक्ष सम्बन्धित छ। यसका लागि पहिलो कदमको रूपमा कृषि

आधुनिकीकरण र मूल्य शृङ्खला विकासलाई प्राथमिकता दिनुपर्छ । आधुनिक कृषि प्रविधि, प्रशोधन उद्योग र स्थानीय कच्चा पदार्थको मूल्य संवर्द्धनमार्फत ग्रामीण क्षेत्रमा रोजगार सिर्जना गर्न सकिन्छ जसले कृषिमा निर्भर जनसङ्ख्यालाई उत्पादक र आयमूलक क्षेत्रमा संलग्न गराउँछ । साथै, पूर्वाधार र ऊर्जा परियोजनामा युवालाई अनिवार्य गरेर सार्वजनिक-निजी साझेदारी (Public–Private Partnership) मोडलमार्फत ठुला परियोजनाहरूमा युवाको सहभागिता सुनिश्चित गर्नुपर्छ जसले तत्काल रोजगारीमात्र नभएर, दीर्घकालीन सिप र अनुभवको विकास पनि गराउँछ । सूचना प्रविधि क्षेत्रमा रहेको उच्च सम्भावना उपयोग गर्न IT पार्क, डिजिटल हब र हरित ऊर्जा परियोजनामा लक्षित लगानी बढाउन आवश्यक छ जसले डिजिटल अर्थतन्त्र र हरित रोजगारको मार्ग खोल्छ । यी सबै प्रयासलाई परिणाममुखी बनाउन, वार्षिक श्रम बजार मूल्याङ्कन (Labor Market Assessment) र क्षेत्रगत रोजगारी योजना (Sector–Specific Employment Plans) तयार पारेर सरकारी बजेटमा प्राथमिकता दिनुपर्छ जसले रोजगार सिर्जना कार्यक्रमहरूलाई वास्तविक माग र भविष्यको अवसरअनुसार दिशा दिन्छ । यसरी, यी कदमहरूलेमात्र रोजगारीको सङ्ख्या बढाउने नभई गुणस्तरीय र दीर्घकालीन रोजगारीको अवसर पनि बिस्तार गर्ने सुनिश्चितता दिन्छन् ।

अन्तर्राष्ट्रिय श्रम बजारमा नेपालको प्रतिस्पर्धा क्षमता बढाउनका लागि युवाहरूको सिप, प्रमाणपत्र र कार्य संस्कृति सबै क्षेत्रमा उन्नतिको आवश्यकता छ । हाल धेरै नेपाली युवा विदेशमा रोजगारीका लागि जाने गरे पनि, आवश्यक भाषिक दक्षता र अन्तर्राष्ट्रियस्तरका प्राविधिक प्रमाणपत्रको अभावले गर्दा उनीहरू प्रायः न्यून स्तरका काममा सीमित हुन्छन् । यस अवस्थालाई सुधार गर्न अङ्ग्रेजी, जापनिज, कोरियाली, जर्मनजस्ता भाषामा दक्षता विकासका लागि व्यवस्थित भाषा तालिम केन्द्रहरू स्थापना गर्नुपर्छ, साथै IT, स्वास्थ्य, निर्माण र अन्य प्राविधिक क्षेत्रका अन्तर्राष्ट्रिय प्रमाणपत्र हासिल गर्न राज्य तथा निजी क्षेत्र दुवैबाट सहयोग र प्रोत्साहनको व्यवस्था गर्नुपर्छ । त्यससँगै, विदेशी रोजगारी तयारी कार्यक्रममार्फत युवालाई तालिम, अनुशासन र कार्य संस्कृति सिकाउने, अन्तर्राष्ट्रिय श्रम बजारको आवश्यकताअनुसार विशेष सिप विकास गराउने प्रणाली बनाउन जरुरी छ । आधुनिक डिजिटल प्रविधिको प्रयोग गर्दै, रिमोट वर्क अवसरमा जोड दिनु पनि महत्त्वपूर्ण छ, जसका लागि फ्रीलान्सिङ, अनलाईन सेवा प्रदाय र अन्तर्राष्ट्रिय ग्राहकसँग प्रत्यक्ष काम गर्ने क्षमता विकास गर्नुपर्छ । यी पहलहरूले श्रम निर्यातको स्तरमात्र होइन, गुणस्तरमा पनि सुधार ल्याउनेछन्, जसको प्रत्यक्ष प्रभाव रेमिट्यान्सको मूल्यवृद्धि र नेपालको आर्थिक सन्तुलनमा देखिनेछ ।

सामाजिक सुरक्षा र जोखिम व्यवस्थापन बेरोजगारीको तत्कालीन असर घटाउन महत्त्वपूर्ण हुन्छ । अस्थायी रूपमा रोजगारी गुमाएका युवाका लागि समय-सीमित बेरोजगारी भत्ता उपलब्ध गराउन सकिन्छ जसले न्यूनतम आर्थिक सुरक्षा दिन्छ । साथै, बेरोजगारीमा परेका श्रमिकलाई पुनःरोजगारीयोग्य बनाउन सिप पुनः प्रशिक्षण कार्यक्रम लागु गर्नुपर्छ जसले उनीहरूलाई बदलिँदो श्रम बजारको मागअनुसार तयार पार्छ । बेरोजगारीको मानसिक असर घटाउन परामर्श र समर्थन सेवाहरू आवश्यक हुन्छन् जसले आत्मविश्वास र कार्यक्षमता पुनः स्थापित गर्न मद्दत गर्छ । यसरी, प्रभावकारी सामाजिक सुरक्षा प्रणालीले युवालाई दीर्घकालीन बेरोजगारीबाट हुने आर्थिक र मानसिक क्षतिबाट जोगाउँदै सामाजिक स्थायित्वमा योगदान पुर्‍याउँछ ।

नेपालमा युवामा देखिएको बेरोजगारी समाधानको अर्को पक्ष मानव पुँजी व्यवस्थापन हो । शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा पर्याप्त र लक्षित लगानी गरेरमात्र युवाको वास्तविक क्षमता उजागर गर्न सकिन्छ तर,

लगानी बढाउनुमात्र पर्याप्त होइन; प्रत्येक स्रोत प्रभावकारी रूपमा प्रयोग भइ सबैभन्दा आवश्यकतामा रहेका समुदायसम्म पुग्नुपर्छ। विशेष गरी कमजोर र सीमान्तकृत युवालाई गुणस्तरीय सेवा सुनिश्चित गर्दामात्र उनीहरू आत्मनिर्भर, प्रतिस्पर्धी र उत्पादनशील श्रम शक्ति बन्न सक्छन्। यसरी, मानव पुँजीमा गरिएको उचित लगानीले युवाको क्षमता उपयोग गर्दै राष्ट्रलाई दिगो समुन्नतिको बाटोमा डोऱ्याउँछ।

नेपालको श्रम बजारमा विगतदेखि नै गहिरो असन्तुलन, न्यून आम्दानी, अस्थायी तथा असुरक्षित रोजगारी र वैदेशिक पलाईनका समस्या दीर्घकालीन चुनौतीका रूपमा उभिएका छन्। "मिसन रोजगारी" यही दृष्टिकोणको परिणामस्वरूप अघि सारिएको एक रणनीतिक अभियान हो । काङ्ग्रेसको नीतिले रोजगारी सिर्जनालाई सरकारको शीर्ष प्राथमिकता बनाउँदै, श्रम बजार व्यवस्थापन, सिप विकास, उद्यमशीलता प्रवर्द्धन, साना तथा मझौला व्यवसाय सबलीकरण, सामाजिक सुरक्षा बिस्तार र विदेशिएका श्रमिकको सिप तथा पुँजीलाई स्वदेशमै उपयोग गर्ने दिगो योजना प्रस्तुत गर्छ।

नीतिहरू केवल कागजमा सीमित भएर पर्याप्त हुँदैनन्; तिनलाई प्रभावकारी बनाउन ठोस कार्यान्वयन र दिगो निगरानी प्रणाली अपरिहार्य हुन्छ। रोजगारीसम्बन्धी कार्यक्रम र बजेट प्रयोगलाई पारदर्शी बनाउन सार्वजनिक ड्यासबोर्डमार्फत नियमित अनुगमनको व्यवस्था गर्न सकिन्छ जसले जवाफदेहिता बढाउँछ र जनविश्वास कायम गर्छ। प्रभावकारिताका लागि संघ, प्रदेश, स्थानीय सरकार, निजी क्षेत्र र विकास साझेदारबिच बहु-क्षेत्रीय सहकार्य आवश्यक छ जसले नीतिलाई व्यवहारमा उतार्ने साझा जिम्मेवारी सुनिश्चित गर्छ। साथै, प्रत्येक कार्यक्रम वा योजनाको प्रगति मूल्याङ्कन गर्न स्पष्ट सूचकाङ्क (KPI) र वार्षिक मूल्याङ्कन प्रणाली लागु गर्नुपर्छ जसले उपलब्धि, कमजोरी र सुधारका क्षेत्र पहिचान गर्न मद्दत गर्छ। यस्तो प्रणालीगत दृष्टिकोणले नीतिगत प्रतिबद्धतालाई व्यवहारमा परिणत गर्न सम्भव बनाउँछ।

## निष्कर्ष

नेपालको वर्तमान अवस्थामा रोजगारी एउटा प्रमुख अर्थ-राजनीतिक मुद्दाका रूपमा खडा भएको छ। समाजमा व्याप्त निराशाको मूल कारण रोजगारी अभाव र त्यसबाट सिर्जित आर्थिक असुरक्षा नै हो। रोजगारीले मानिसको आर्थिक गतिविधिमा संलग्नतालाईमात्र होइन, सम्मानित जीवन जिउने आधारलाई पनि निर्धारण गर्छ। यही कारणले हामीले आगामी दस वर्षमा कति विकास गर्छौं भन्ने कुरा रोजगारीका अवसर कति सिर्जना गर्नसक्छौं भन्ने विषयसँग प्रत्यक्ष रूपमा जोडिएको छ। नेपालमा बेरोजगारी एउटा संरचनागत चुनौती हो जसले राष्ट्रको समुन्नति, सामाजिक स्थिरता र राजनीतिक भविष्यलाई प्रत्यक्ष रूपमा प्रभावित गर्छ। हरेक वर्ष लाखौं युवा श्रम बजारमा प्रवेश गर्छन् तर पर्याप्त रोजगारी सिर्जना हुन सक्दैन । यसका प्रमुख अवरोधहरूमा कमजोर उत्पादनशीलता, सिप र श्रम बजारको मागबिचको असन्तुलन तथा साना तथा मझौला उद्यम (SMEs) मा वित्तीय पहुँचको अभाव, रोजगारमैत्री कानुन र नीतिको निर्माण तथा प्रभावकारी कार्यान्वयनजस्ता विषयहरू पर्दछन्। त्यस्तै, वैदेशिक रोजगारीमा जाने ठुलो जनशक्ति पर्याप्त सिप, भाषा र अन्तर्राष्ट्रिय प्रमाणपत्रविहीन हुँदा उनीहरू प्रायः न्यून स्तरका काममा सीमित हुन्छन् । यसले व्यक्तिगत आम्दानीमामात्र होइन, मुलुकको उत्पादनशील क्षमतामा पनि दीर्घकालीन असर पुऱ्याउँछ। श्रम बजारमा अनौपचारिक क्षेत्रको प्रभुत्व र आधुनिक सूचना-प्रविधि (सूचना प्रविधी) पूर्वाधारको कमजोरीले बेरोजगारीको समस्यालाई थप जटिल बनाएको छ। यस पृष्ठभूमिमा, युवा बेरोजगारीको समाधान राष्ट्रको भविष्यको मूल प्रश्न बनेको छ।

नेपालको सबैभन्दा ठुलो अर्थ-राजनीतिक मुद्दा रोजगारी हो भन्ने तथ्यलाई आत्मसात् गर्दै नेपाली काङ्ग्रेसले 'मिसन रोजगारी' अभियान सुरु गरेको छ । यस अभियानले रोजगारीको समस्यालाई समग्रतामा सम्बोधन गर्ने लक्ष्य लिएको छ । यसलाई रोजगारीको सङ्ख्या र प्रकृति, सिप, मानव संसाधनको विकास, वैदेशिक रोजगारीको व्यवस्थापन, उत्पादकत्व तथा सामाजिक सुरक्षाजस्ता बृहत् विषयहरूसँग जोडेर हेरिएको छ । रोजगारी सिर्जना कुनै एक मन्त्रालय वा क्षेत्रलेमात्र सम्भव छैन, त्यसैले यसलाई एक समग्र प्रणालीका रूपमा विकास गर्नु अत्यावश्यक छ । यसका लागि शिक्षा प्रणालीमा सुधार, सिप विकास, पूर्वाधार सुदृढीकरण, वित्तीय पहुँचको बिस्तार, औद्योगिक प्रवर्धन, प्रविधि र नवप्रवर्तनमा लगानी तथा सामाजिक सुरक्षा र कानुनी सुधारका क्षेत्रमा सन्तुलित ढङ्गले काम गर्नुपर्छ । कृषिको आधुनिकीकरण, उद्योगको बिस्तार, सूचना प्रविधी र डिजिटल उद्यम तथा गिग अर्थतन्त्रलाई औपचारिक ढाँचामा ल्याएर दिगो रोजगारी सिर्जना गर्न सकिन्छ । काङ्ग्रेसको नीतिले यही दृष्टिकोणलाई अँगालेको छ जसले युवालाई उच्च आमदानीको काम गर्नेमात्र नभई रोजगारी सिर्जनाकर्ता बन्न सक्ने बनाउँछ ।

नेपाली श्रम बजारको सबैभन्दा ठुलो चुनौती एकातिर पर्याप्त रोजगारीका अवसर नहुनु र अर्कोतिर मागअनुसारको दक्ष जनशक्ति उपलब्ध नहुनु हो । यसको मूल कारण उपयुक्त सिपको अभाव, दक्ष जनशक्तिको विदेश पलाईन र शिक्षा प्रणालीका संरचनागत समस्या हुन् । यो समस्याको समाधानका लागि सिप विकास र उत्पादकत्व अभिवृद्धिमा विशेष ध्यान दिनुपर्छ । प्राविधिक तथा व्यावसायिक तालिम(TVET), शिक्षा प्रणालीमा संरचनागत सुधारकामार्फत योग्य मानव संसाधनको विकास मा विशेष ध्यान दिनु पनि अपरिहार्य छ ।

हामीले वैदेशिक रोजगारीलाई त्यसले मुलुकमा सिर्जना गर्न सक्ने अवसरका हिसाबले बुझ्नुपर्छ । यदि त्यसलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने वातावरण तयार गर्न सकियो भने एक जना आप्रवासी श्रमिकको विप्रेषणले नेपालमै धेरैलाई रोजगारी सिर्जना गर्नसक्छ । यो एक विप्रेषणको सही सदुपयोगसँग सम्बन्धित छ भने पुनः आप्रवासनको चक्रलाई पनि तोड्न यसले सहयोग गर्नसक्छ । काङ्ग्रेसको दृष्टिकोण विदेश जाने युवालाई सिपयुक्त बनाएर उच्च मूल्यका रोजगारीमा लैजाने, श्रमिक अधिकारलाई सुरक्षित गर्ने र फर्किएपछि उनीहरूको सिप र पुँजीलाई स्वदेशमै उद्यमशीलतामा रूपान्तरण गर्ने कुरामा प्रस्ट छ । यसरीमात्र वैदेशिक रोजगारीलाई दिगो रोजगारी सिर्जनासँग जोड्न सकिन्छ ।

इतिहासको अनुभवले देखाएको छ कि श्रम बजारका अवसरहरू स्थिर हुँदैनन् । त्यसैले बदलिँदो श्रम बजारसँग अनुकूलन हुने गरी पुनः सिप (re–skilling) र नयाँ बजारसँग तालमेल मिलाउने क्षमताको विकास गर्नु आवश्यक छ । यही कुरालाई आत्मसात् गर्दै पुनः सिप विकास, निरन्तर नवप्रवर्तन र प्रविधिमैत्री जनशक्ति निर्माणलाई प्राथमिकता दिनुपर्छ ।

रोजगारीको जटिल समस्याबाट बाहिर निस्कन अब बहु आयामिक र व्यावहारिक समाधानतर्फ अगाडि बढ्नु अनिवार्य छ । यसका लागि विश्वव्यापी रूपमा बढ्दै गरेको गिग अर्थतन्त्र र ज्ञानमा आधारित रोजगारीलाई नेपालले पनि अवसरका रूपमा लिनुपर्छ । डिजिटल प्लेटफर्म, फ्रीलान्सिङ र सूचना प्रविधी-सम्बन्धी रोजगारीमा युवाको सक्रिय सहभागिता बढाउन आवश्यक प्राविधिक सिप, विकास र सामाजिक सुरक्षाको संस्थागत ढाँचा बनाउनुपर्छ । रोजगारीको सबैभन्दा ठुलो प्रदायक निजी क्षेत्र हो, खास गरी साना र मझौला उद्यम । यी उद्यमलाई सहज वित्तीय पहुँच, विशेष क्रेडिट ग्यारेन्टी योजना, कर छुट र लगानीमैत्री वातावरण प्रदान गर्नुपर्छ । रोजगारी

बिस्तारका लागि अनुमति प्रक्रियाको सरलीकरण, निजी क्षेत्रलाई आकर्षित गर्ने नीति र रोजगारी उत्प्रेरित गर्ने कर संरचना अपरिहार्य छन् । पर्याप्त ज्ञान र जानकारीबिना आवश्यक नीतिगत परिवर्तन सम्भव हुँदैन । 'मिसन रोजगारी'अन्तर्गत विभिन्न विषय र क्षेत्रमा अध्ययन तथा अनुसन्धान पनिसँगै भइरहेको छ जसले गर्दा दिगो र प्रभावकारी नीतिहरू निर्माण गर्न सकिन्छ ।

नेपाली काङ्ग्रेसको युवा तथा रोजगारी नीति र 'मिसन रोजगारी' अभियानले रोजगारीलाई केवल आर्थिक प्रश्नका रूपमामात्र नभई सामाजिक न्याय र राजनीतिक स्थायित्वको मेरुदण्डका रूपमा स्थापित गरेको छ । 'राजनीतिक विमर्शको केन्द्रमा रोजगारी, सरकारको प्राथमिकताको केन्द्रमा रोजगारी' भन्ने मूल नाराका साथ सुरु गरिएको यो अभियानले रोजगारी सिर्जनालाई संरचनागत सुधारको एजेन्डा बनाएको छ । यो केवल सरकारलाई दबाब दिने अभियानमात्र नभई, नीतिगत संवाद, तथ्यमा आधारित अनुसन्धान र संरचनागत सुधारलाई दीर्घकालीन अभ्यासमा रूपान्तरण गर्ने प्रयास हो । उचित नीतिगत, कानुनी व्यवस्था गरेर काम गर्ने हो भने नेपालले आफ्नो जनसाङ्ख्यिक लाभांशलाई दिगो आर्थिक इन्जिनमा रूपान्तरण गर्न सकिन्छ, युवालाई भविष्यको निर्माणकर्ता बनाउन सकिन्छ र मुलुकलाई दीर्घकालीन समुन्नतिको पथमा डोऱ्याउन सकिन्छ ।

## सन्दर्भ सामग्री

Bell, D । N । F । , & Blanchflower, D । G । (2011) । Young people and the great recession । *Oxford Review of Economic Policy, 27*(2), 241–267 । https://doi । org/10 । 1093/oxrep/grr011

Basnett, Y । (2025, August 1) । Climbing the economic ladder । *Commons* । https://commons-nepal । com/climbing-the-economic-ladder/

Central Bureau of Statistics । (2023) । *National population and housing census 2021* । Central Bureau of Statistics । https://cbs । gov । np

Council for Technical Education and Vocational Training । (2018) । *Comprehensive TVET annual report 2075* । Council for Technical Education and Vocational Training ।

Dhakal, R । (2021) । Education and employment: Addressing the skills mismatch in Nepal । *Economic Journal of Nepal, 44*(2), 117–133 ।

Institute for Integrated Development Studies । (2022) । *Unleashing IT: Advancing Nepal's digital economy – Expanding jobs and exports* । Institute for Integrated Development Studies ।

International Labour Organization । (2015) । *Jobs and skills for youth: Review of policies for youth employment of Nepal* । International Labour Organization ।

International Labour Organization । (2020) । *Global employment trends for youth 2020: Technology and the future of jobs* । International Labour Organization ।

International Labour Organization । (2022) । *World employment and social outlook: Trends 2022* । International Labour Organization ।

International Labour Organization । (2022, August 11) । *Global employment trends for*

*youth 2022: Investing in transforming futures for young people* । International Labour Organization ।

Nomura, K । , & Ho, M । S । (2024, September) । *APO Productivity databook 2024* (17th ed । ) । Asian Productivity Organization; Keio University Press । https://doi । org/10 । 61145/SQVZ2821

Sharma, L । K । , & Paudel, V । (2023) । Youth employment issues and their impact on the economic development of Nepal । *The Journal of Development and Administrative Studies, 31*(1–2), 1–14 ।

Sharma, L । K । , & Paudel, V । (2023) । *Youth employment issues and their impact on the economic development of Nepal* । Centre for Economic Development and Administration (CEDA), Tribhuvan University ।

World Bank । (2021) । *Youth employment in developing economies: A global perspective* । World Bank Group ।

World Bank । (2022) । *Nepal development update* । World Bank Group ।

World Bank । (2025, August 11) । *Nepal human capital review: Nurturing Nepali talent to foster economic growth* । World Bank Group । http://hdl । handle । net/10986/43570